# कृषि विकास बैंक लि. को

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति २०७३/११/२५)**

**लोक सेवा आयोगबाट** प्राप्त स्वीकृती अनुसार यस बैंकमा रिक्त रहेको आ.व. २०७२/७३ को तपसील बमोजिम पदमा खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्न शैक्षिक योग्यता तथा बान्छनीय योग्यता भएका योग्य नेपाली नागरिकहरूले तोकिएको ढाँचाको दरखास्त फारम प्रथम पटक सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन भित्र मुख्य कार्यालयमा दर्ता गर्नु पर्नेछ ,परीक्षा दस्तुर वापतको रकम कृषि विकास बैंक लिमिटेडको खाता नं. **०१००२००११४५५५०२५** मा (यस बैंकको कुनै पनि बैंकिङ्ग कार्यालय) जम्मा गरी सोको सक्कल भौचर संलग्न राखी हालसालै खिचिएको पासपोर्ट साइजको ४ (चार) प्रति फोटो सहित रीतपूर्वकको दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पुनः प्रकाशित गरिएको छ। दरखास्त फारमसाथ एस. एल. सी. र सो भन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र, मार्कशिट (ट्रान्सक्रिप्ट), चारित्रिक प्रमाणपत्र, अनुभव तथा नेपाली नागरिकताको प्रमाणपत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपि पेश गर्नुपर्नेछ। साथै विदेशस्थित शिक्षण संस्थाबाट शैक्षिक योग्यता हासिल गर्ने आवेदकहरूको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रूपले पेश गर्नुपर्नेछ। बहालवाला कर्मचारीको हकमा विभागीय स्वीकृति र आफु कार्यरत रहेको संस्थाको सिफारिस पत्र अनिवार्य पेश गर्नुपर्नेछ। परीक्षा दस्तुर संलग्न नरहेको, रीत नपुगेको तथा तोकिएको मितिभन्दा पछि प्राप्त हुने दरखास्तउपर कुनै कारबाही नहुने व्यहोरा सूचित गरिन्छ। यस बैंकमा अविच्छिन्न रूपमा कार्यरत स्थायी/अस्थायी/मासिक पारिश्रमिक/करार कर्मचारीहरूलाई उमेरको हद लाग्ने छैन। खुला प्रतियोगिताको लागि तोकिएको परीक्षा दस्तुरबाहेक समावेशीतर्फ एकभन्दा बढी समूहमा सम्मिलित हुन चाहनेहरूको हकमा प्रत्येक समूहको तोकिएको दरले थप दस्तुर बुझाउनुपर्नेछ। तर, खुला प्रतियोगितातर्फ दरखास्त नदिई समावेशीतर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले तोकिएको पदमा तोकिएको परीक्षा दस्तुर बुझाउनुपर्नेछ। अन्य कुराको हकमा सम्बन्धित पदको दरखास्त फारममा उल्लेख भएबमोजिम हुनेछ। दरखास्त फाराम यस बैंकको वेभ साइट www.adbl.gov.np बाट Download गर्न सकिनेछ।

<u>तपसील</u>

| क.सं. | बिज्ञापन नं. | पद श्रेणी/ | सेवा | पद संख्या | उमेर | तलब भत्ता | परीक्षा दस्तुर | परीक्षण काल अवधि | परीक्षाको किसिम | न्यूनतम आवश्यक योग्यता/ बान्छनीय योग्यता | परीक्षा मिति र केन्द्र | अनिवार्यरुपमा काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २१/<br>२०७२/७३ | व्यवसाय अधिकृत, अधिकृत स्तर तृतीय श्रेणी | प्रशासन | <u>४० (चालिस)</u><br>खुला :- २२<br>महिला :- ५<br>आदिवासी/जनजाती :- ५<br>मधेशी :- ४<br>दलित :- २<br>अपाङ्ग :- १<br>पिछडिएको क्षेत्र:- १ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको | बैंकको नियमानुसार | रु. १,०००।- (एक हजार मात्र)<br>रु.३००/- ( तीन सय) प्रत्येक समावेसी समुह | पुरुषको हकमा १ वर्ष, महिलाको हकमा ६ महिना | लिखित तथा अन्तर्वार्ता | मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन संकायमा स्नातकोत्तर तह उत्तीर्ण वा मानविकी संकायमा अर्थशास्त्र मुल विषय लिई स्नातकोत्तर तह उत्तीर्ण गरेको। | पछि प्रकाशित गरिने छ। | बैंकले खटाएको कुनै पनि कार्यालय |

नोट : यसै विज्ञापन नं. अन्तर्गत मिति २०७३/०२/३० मा प्रकाशित सूचना अनुसार दरखास्त दिनेहरुको रितपूर्वकका दरखास्त फारम यथावत समावेस गरीने छ।

पदपूर्ति समिति<br>
कृषि विकास बैंक लि.